*“व्यासायिक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार”*

# भगवतीमाई गाउँपालिका, दैलेख

## कर्णाली प्रदेश, नेपाल

तेश्रो गाउँसभामा प्रस्तुत

# वार्षिक नीति, कार्यक्रमतथा वजेट

आ.ब. २०७५।०७६

प्रस्तोता :

**चन्द्रा रेग्मी(उपाध्यक्ष)**

१० आषाढ २०७५

## बजेट वक्तव्य :

१. यस गरिमामय गाउँसभाकासभाध्यक्ष महोदय,सम्मानित सभाका सदस्य ज्यूहरु । यस भगवतीमाई स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको छु । आमुल परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । यसैगरी राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली नागरिक तथा कुशल नेतृत्व गर्नुहुने राजनितिक शिखर व्यक्तित्व प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

२. नेपालमा लामो समयसम्ममा भएका आन्दोलन, संघर्षपूर्ण वलिदान एवं जनविद्रोहले संघीय लोकतान्त्रिक वहुदलीय व्यवस्थाको स्थापना भई सशक्त संघीय, प्रादेशीक तथा स्थानीय सरकारहरु गठन भई जनताले आफ्ना स्रोत साधन र सामर्थ्यको आफै सदुपयोग गरी विकास र समृद्धिको बाटोमा अगाडी बढ्न मार्ग प्रशस्त भएको छ ।

३. सभाध्यक्ष महोदय, हामी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि **'समृद्ध नेपाल, सुखी नेपालीको** नारालाई आत्मसात गर्दै **'समृद्ध भगवतीमाई, सुखी भगवतीमाईबासी'** को दीर्घकालीन उद्देश्यअनुरुप समतामूलक समाज निर्माण गर्दै समाजवाद तर्फको यात्रामा अघि बढिरहेको सन्दर्भमा म यस भगवतीमाई गाउँपालिकाको स्थानीय सरकार आम नागरिकको सर्वाङ्गिण विकास गरी समुन्नत, समृद्ध र सभ्य गाउँपालिका निर्माणमा दृढ रहेको कुरा तपाईहरु समक्ष राख्न चाहान्छु ।

४. आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, विनियोजन विधेयक, २०७४ को मार्गदर्शन र प्राथमिकता, चालु आवधिक योजना तथा दिगो विकासका लक्ष्य र वस्ती तथा वडास्तरबाट प्राथमिकीकरण भई आएका योजना तथा कार्यक्रमहरु र गाउँसभा तथा कार्यपालिकाका सदस्यहरु, आमवुद्धिजीवि, कर्मचारीहरुको सुझावहरुलाई बजेटको मार्गदर्शनको रुपमा लिएको छु ।

**सभाध्यक्ष महोदय,**

### अब म भगवतीमाई गाउँपालिकाको वर्तमान सामाजिक तथा आर्थिक अवस्थाको बारेमा प्रष्ट्याउन चाहान्छु ।

५. पश्चिम नेपालको कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाको सुदूरपूर्वमा अवस्थित भगवतीमाई गाउँपालिका आर्थिक तथा सामाजिक विकास र समृद्धिको प्रचुर सम्भावना रहेको स्थानीय तह हो । यहाँ रहेको जंगल, जमिन र जडीबुटीको सहि सदुपयोग गर्न

सकिएमा अवश्य भगवतीमाई गाउँपालिका नेपालका स्थानीय तह मध्येकै उत्कृष्ट स्थानीय तह बन्न सक्नेमा कसैको विमती छैन ।

६. यस गाउँपालिकाको सामाजिक, आर्थिक र पूर्वाधारको विकास गर्न तथा अन्य कार्यक्रमहरु संचालन गर्न विभिन्न नीतिगत, प्राविधिक, कर्मचारी जनशक्तिको अभावसँग जुझ्दै गाउँपालिकाले विभिन्न ऐन, कानून, कार्यविधि तथा निर्देशिकाहरु जारी स्थानीय राजपत्रमा समेत प्रकाशित गरिसकिएको अवस्था छ । भने सामाजिक तथा आर्थिक विकासका क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गरेको छ ।

७. यस गाउँपालिकाभित्र रहेका विद्यालयहरुको शिक्षक अभाव तथा अन्य विविध कारणले शैक्षिक गुणस्तरमा ह्रास आएको अवस्थालाई मध्यनजर गरी गाउँ कार्यपालिकाले शैक्षिक सुधार कार्यदल गठन गरी कार्यदलको सुझावको आधारमा विद्यालयहरु समायोजन तथा शिक्षक दरवन्दी मिलान गरी नमुना तथा चुनौतीपूर्ण कार्य सम्पन्न गरेको कुरा सबैलाई सर्वविदितै छ ।

८. विगत दुई दशक यता जननिर्वाचित पदाधिकारी विहिन अवस्थामा मौलाएका वेथिति र विसंगतिहरुलाई मुकाविला गर्दै भ्रष्टाचार, कुरीति, कुसंस्कार र अनियमितताको अन्त्य गरी सुशासनयुक्त, भ्रष्टाचारमुक्त र पारदर्शी एवं जनमुखी शासन संचालनमा भगवतीमाई गाउँपालिकाको स्थानीय सरकार दृढतापूर्वक अघि बढी रहेको छ ।

९. थुप्रै सकारात्मक पक्षहरु र अवसरहरुको चाङका बीचमा हामीसँग त्यतिकै चुनौतिहरु समेत रहेका छन् । यस गाउँपालिकाका हजारौ युवाहरु विदेशी मुलुकको चर्को घाममा नेपाली पसिना चुहाउँदै रोजीरोटी टारिरहेको अवस्थामा ति युवाहरुको पसिना र श्रमलाई आफ्नै मातृभूमीमा लगानी गरी यस गाउँपालिका समृद्धि र युवाहरुको रोजगारीको सुनिश्चितता, आर्थिक विकास र उन्नतीमा समपर्ण गर्नु अनिवार्य र चुनौतीपूर्ण छ ।

१०. गत आर्थिक वर्षमा पूर्वाधार विकास तथा अन्य कार्यक्रमहरु सबै जम्मा रु.६६,३५०००। बेरुजु देखिन्छ । सो मध्ये रु.१५३४०००। असुल गर्नुपर्ने देखिन्छ भने रु.४८५१०००। नियमित गर्नु पर्ने देखिन्छ । पेश्की फर्स्यौट गर्न रु.२५०००० बाँकी देखिन्छ ।

| | |
|---|---|
| **साविक कट्टी गा.वि.स.** | **रु.७०३२७५।** |
| **रुम** | **रु. २४४२५९।** |
| **वडाभैरव** | **रु. २०५७६५।** |
| **पगनाथ** | **रु. २७२९६८।** |
| **कर्मचारीहरु(साविक सबै गा.वि.स.)** | **रु. १०१३६१।** |

११. भगवतीमाई गाउँपालिकाको मुख्य आर्थिक विकासको क्षेत्र कृषि तथा पशुपालन भएको हुँदा कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण, बजारीकरण, प्रवर्द्धन गर्नुका साथै कृषि उपजमा यस गाउँपालिकालाई आत्मनिभर बनाउदै कृषि उपजको निर्यातलाई बढाउनु,

विदेशीयका युवाहरुलाई घर फर्काइ कृषिमा आवद्ध गरी कृषि पेशालाई सम्मानीय र व्यावसीयक बनाउनु पनि मुख्य चुनौति देखिन्छ ।

१२.उपरोक्त परिवेशमा सीमित स्रोत साधनबाट धेरै आवश्यकता सम्वोधन गर्नुपर्ने यो बजेट सामाजिक रुपान्तरण, आर्थिक विकास र भगवतीमाई गाउँपालिकाको समृद्धिको आधारशिला बन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

**अब म यस गरिमामय सदन समक्ष आर्थिक वर्ष २०७५।०७६ को बजेटका उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।**

१३. यस बजेटको मुख्य उदेश्य स्वाधिन, समन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरी गाउँपालिकालाई समृद्धिको गन्तव्यमा अवतरण गराउनु नै हो । यसका लागि निम्नलिखित उदेश्यहरु अवलम्वन गरिएका छन् ।

(क) यस गाउँपालिकाभित्र रहेका स्रोत साधन, पुँजी, श्रम तथा जनशक्तिको उपयोग गरी आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको विकास गर्ने,

(ख) कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण, तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिसँगै कृषि उपजमा आत्मनिर्भर गाउँपालिका बनाउने,

(ग)सेवा प्रवाहलाई चुस्तदुरुस्त र पारदर्शी बनाई भ्रष्टाचार नियन्त्रण गर्ने ।

सभाध्यक्ष महोदय,

१४. उपरोक्त उदेश्यहरु पुरा गर्न आर्थिक वर्ष २०७५।७६ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु ।

(क) ऊर्जा, सडक, खानेपानी, सिंचाई, सूचना संचार तथा प्रविाधि जस्ता पूर्वाधारहरुको विकास

(ख) कृषि, पशुपालन, जडीबुटी जस्ता आर्थिक विकासका क्षेत्रहरु

(ग) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, सामाजिक न्याय र समावेशीकरण ।

(घ) सेवाप्रवाह, सुशासन र सुरक्षा,

**सभाध्यक्ष महोदय,**

**बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

:

**१५ समग्र नीति तथा आधारहरु :**

- जनविश्वासको माध्ययमबाट सुशासनको प्रत्याभुती गराईने छ ।

- सकरात्मक सोच पद्धतीको विकास गराईने छ
- प्रोत्साहन, सम्मान र सामाजिक दायित्वको विकास गरिने छ ।
- आम नागरिकमा दृढ संकल्प र अठोटको विकासमा जोड दिईने छ ।
- यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि क्षेत्रगत गुरुयोजना (Master Plan) निर्माण गरि योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।

सभाध्यक्ष महोदय,

## १६. क्षेत्रगत नीति तथा आधारहरु :

## १.आर्थिक विकास

### क. कृषि तथा पशुपालन :

- **"कृषि तथा पशुपालनमा व्यवसायीकरण, गरिवीमा न्युनीकरण"**भन्ने मान्यतालाई आत्मसात गर्दैयस भगवतीमाई गाउँपालिका क्षेत्रमा उत्पादन हुने धान, मकै, कोदो, गहुँ, जौ, फापर, काकुनो, आलु, भट्टमास लगायतका खाद्यान्न तथा नगदे बालीको उत्पादन वढाउन आवश्यक कार्यक्रमहरु ल्याईने छ । पशुपालनको रुपमा भेडा, बाखा, गाई, भैसीको व्यवसायिक उत्पादन अभिबृद्धि गर्नुको साथै दुध, घ्यू, मासुमा आत्मनिर्भर वनाउन विशेष जोड दिईने छ । साथै उत्पादित कृषि उपजहरुको संकलन तथा निर्यातको लागि कृषि संकलन केन्द्र निर्माण र एक वडा एक उत्पादनको अवधारणालाई विशेष प्रथामिकता दिईने छ ।
- भगवतीमाई गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा दिगो विकास र व्यवसायिक कृषि, पशुपालन क्षेत्रलाई उत्पादनमुखी र आत्मनिर्भर बनाई आर्थिक विकास गर्दै गरिवी न्यूनीकरण गर्ने प्रमुख नीति लिईएको छ ।
- यस गाउँपालिकाभित्र फलफूलका भिन्नाभिन्नै पकेटक्षेत्र घोषणा गरी मागमा आधारित सुन्तला, कागती, जुनार, आँप, मेवा, केरा, ओखर जस्ता फलफूलका बिरुवाहरु सहुलियत दरमा पकेट क्षेत्रका विभिन्न कृषक, किसान समूह, कृषि फर्म र सहकारीहरुलाई लगाउन प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
  - **"अर्गानिक खेतीमा वृद्धि, भगवतीमाई गाउँपालिकाको समृद्धि"** भन्ने नारालाई साकार तुल्याउन अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि अर्गानिक कृषि विशेष कार्यक्रम लागु गरिनेछ । घातक विषादीमुक्त गाउँपालिका निर्माण गर्न प्रदेश सरकार र कृषि सम्वन्धी संघसंस्थासँग आवश्यक समन्वय र साझेदारी गरिनेछ भने मावन स्वास्थ्य तथा जलवायु परिवर्तन प्रति संवेदनशील हुदै, रासायनिक बिषादि तथा रासायनिक मललाई न्युनिकरण गर्दै प्राँगरिक कृषि उपजलाईलाई प्रवर्द्धन गर्ने कृषि तथा पशु सम्बन्धि क्रियालापहरुलाई प्रोत्साहन गरिने छ ।

- **"हाम्रो उत्पादन हाम्रो शान, कृषि पेसालाई गरौं सम्मान"** भन्ने मान्यतालाई सार्थक बनाउन एक वडा एक नमुना कृषि कार्यक्रम संचालन गरिने छ । साथै कृषि तथा पशुपालनमा नमुना फर्म स्थापना गर्ने कृषक, कृषक समूहलाई उचित प्रोत्साहन एवं सहयोग गरिने व्यवस्था मिलाईएको छ ।
  - कृषि तथा पशुपालन गरिरहेका किसानहरुको कृषि उत्पादन एवं उपज माथि हुने क्षतिलाई मध्यनजर गरी सो व्यवसायलाई सहज ढंगले निरन्तरता दिनको लागि कृषि तथा पशु विमाको व्यवस्था गरिएको छ ।
  - . कृषि तथा पशु विकास प्रविधिमा कृषकहरुको पहुँच बढाउन र त्यसबाट प्रभावकारीढंगले लाभ लिनको लागि सहभागितात्मक तथा बहुपक्षीय कृषि प्रसार पद्धतिलाई अवलम्वन गरिने छ ।
  - बहुपक्षीय कृषि प्रसार पद्धतिलाई प्रवर्द्धन गर्नको लागि स्थानीय कृषि स्रोत व्यक्ति, स्थानीय एग्रोभेट, व्यापारी, मध्यस्थकर्ता, निर्यातकर्ता, सहकारी, निजी नर्सरी, बित्तिय संस्था, फर्म, समुदायमा आधारित संस्थाहरुको लेखाजोखा गरी उनीहरुको संस्थागत विकास र सुदृढिकरण गर्न सहयोग गरिने छ ।
  - कृषि व्यावसायको प्रवर्द्धन तथा सुदृढिकरण र कृषकहरुको बजारसम्म पहुँच बृद्धि गर्नको लागि उपयुक्त स्थानहरुमा हाट बजारको स्थापना गरिने छ ।
  - कृषि तथा पशु व्यावसायलाई प्रतिस्पर्धात्मक बनाउनको लागि गाउँपालिकाको उपयुक्त स्थानमा बर्षमा कम्तिमा एक पटक कृषि मेला प्रदर्शनी गरी उत्कृष्ट उपज उत्पादन गर्ने कृषकहरुलाई पुरस्कृत र प्रोत्साहित गरिने छ ।
  - कृषि तथा पशु व्यावसायलाई प्रोत्साहन र मर्यादित बनाउनको लागि गाउँपालिका भित्रका उत्कृष्ट कृषकहरुलाई मुल्याङ्कनको आधारमा बार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
  - कृषि तथा पशु सम्बन्धि व्यावसाय प्रवर्द्धनको आवश्यकता अनुसार सेलार स्टोर, वयर हाउस, रस्टिक स्टोर, हाट बजार, संकलन केन्द्र आदि जस्ता संरचनाको निर्माण गरिने छ ।
  - कृषि तथा पशुजन्य उपजलाई मुल्य अभिबृद्धि गर्नको लागि दातृ निकायहरुसँग साझेदारी तथा सहकार्य गरी लघु प्रशोधन उद्योगहरुको स्थापना गरिने छ ।
  - यस गाउँपालिकामा कृषि तथा पशु सम्बन्धि कार्यक्रम गर्ने संघ संस्थाहरुले एकद्वार प्रणालीको आधारमा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
  - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को बुँदा नं. १४ मा उल्लेखित स्थानीय तहले "समिति तथा उपसमिति तथा कार्यदल गठन गर्न सक्ने" प्रावधानको आधारमा गाउँपालिकाको समग्र कृषि तथा पशु विकासको लागि आवश्यक निर्देशिका बनाई

गाउँपालिका तथा वडास्तरमा समावेसी तथा प्रतिनिधीमुलक कृषि विकास समितिको गठन र परिचालन गरिने छ ।

## सभाध्यक्ष महोदय

## ख. उद्योग तथा बाणिज्य :

- यस गाउँपालिकाका विभिन्न क्षेत्रमा रहेका स्लेट तथा काईनाईट खानीहरुको उचित उत्खनन र प्रशोधनको साथै लोक्ता कागजको उत्पादनका लागि सम्भाव्यता अध्ययन गरी स्थानीय स्लेट तथा काईनाईट र लोक्ता कागज उद्योग संचालन गर्न आवश्यक पहल गरिने छ । साथै विभिन्न निर्माण कार्यमा स्लेटको प्रयोगलाई प्रोत्साहन गरिने छ ।
- सम्भाव्य उद्यमीहरुको पंहिचान गरीऔद्योगिक ग्रामको स्थापना गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिने छ ।
- लघुउद्यम तथा सिप विकास तालिमको माध्यमबाट स्वरोजगारीकोश्रृजना गरी युवाहरुलाई आत्मनिर्भर बनाउने नीति लिईने छ ।

## सभाध्यक्ष महोदय,

## ग. पर्यटन :

- तानाशाहीराणा शासन विरुद्धको आन्दोलनमा प्राण आहुती गर्ने यस क्षेत्रका प्रथम शहिद ( भगवतीमाई ३, मेहेलतोली निवासी) मयाराम रेग्मीको सम्झनामा "***शहिद मयाराम स्मृति पार्क***" निर्माणको लागिचालु आ.व.मा बजेट विनियोजन गरिएकोमा प्राविधिक कारणवश निर्माण गर्न नसकिएको र डि.पि.आर. तयार भईसकेको हुँदा स्मृति पार्क निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- यस क्षेत्रको प्रसिद्ध देवी भगवतीमाई (वडा नं ३ मेहेलतोली) लाई धार्मिक गन्तव्यको रुपमा विकास गर्नको लागि प्रदेश सरकारसँग समन्वय गरी कार्य प्रारम्भ गरिनेछ ।
- यस गाउँपालिकाको सर्वोच्चो शिखर नयाँ मालिकालाईउत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको रुपमा स्थापित गर्नको लागि मालिकादेवीको मन्दिर निर्माण तथा अन्य पुर्वाधार विकासकोनारायण नगपालिका र नौमुले गाउँपालिकासँग आवश्यक समन्वय गरी संघीय र प्रदेश सरकारसँग आवश्यक साझेदारी र सहयोग लागि पहल गरिने छ ।
- यस भगवतीमाई गाउँपालिकाको प्रवेशविन्दु नारायण नगरपालिका र भगवतीमाई गाउँपालिकाको सिमानामा स्वागतद्धार निर्माण गरि यस क्षेत्रमा प्रवेश गर्ने आगन्तुकहरुलाई आत्मिय स्वागत गर्दै यस गाउँपालिकामा रहेका पर्यटकिय क्षेत्रहरु वडा नं ४ जगनाथ र छेडागाड नगरपालिका जाजरकोटको शिरमा रहेको मालिका मन्दिर, वडा नं ७ वडाभैरवको शिखरद्धारी मन्दिर, शिखरद्धारी चमेरे गुफा, वडा नं ६ कट्टीको बुरुसेमालिका मन्दिर तथा वडा नं.३ मेहेलतोलीको थाई लेकमा रहेको त्रिपानी झरना लगायतका सम्पदाहरुको उचित प्रवर्द्धन गरि पर्यटकीय गन्तव्य वनाउनको लागि भ्यू टावर निर्माण, पदमार्गको स्तरोन्नती,

वडा नं. ५ र ६ को जनजाती वस्तीमा होम स्टे (Home Stay)सञ्चालन गरिनुको साथै यस क्षेत्रको सांस्कृतिक तथा स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्रि निर्माण गर्ने, विद्युतिय सामाजिक सञ्जाल तथा टेलिभिजनबाट प्रसारण गरि पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासकोलागि प्रदेश सरकासरसँग आवश्यकसमन्वय गरिने छ ।

**सभाध्यक्ष महोदय,**

## घ. सहकारी तथा वित्तिय :

- सहकारीको विकास तथा प्रवद्धर्न गरी जनताको आयआर्जन वृद्धि गरिनेछ । जसका लागि सहकारी विकास सम्वन्धी तालिम तथा गोष्ठीको आयोजना गरी सहकारीको क्षमता अभिवृद्धि गरिनेछ ।
- यस गाउँपालिका मातहत रहेका सहकारी संस्थाको अनुगमन, नियमन तथा व्यवस्थापन प्रभावकारी बनाई सहकारीलाई गरिवी निवारणको मुख्य माध्ययमको रुपमा संस्थागत गरिने छ ।

**सभाध्यक्ष महोदय,**

## ङ. रोजगारी :

- यस गाउँपालिकालाई समृद्ध वनाउने प्रमुख मानवीय श्रोत युवा जनशक्ती खाडीमुलुकमा चर्को गर्मिसंगै आफ्नो उर्जाशिल समय, श्रम खर्च गर्ने वाध्यतालाई मध्यनजर गरी स्थानीय स्तरमा स्वरोजगारमुलक व्यवसायिक कृषि, पशुपालन, पर्यटन उद्योग, गैरकाष्ठ वन पैदावर जस्ता क्षेत्रमा आर्कषण वढाउनका लागि व्यवसायिक र सिपमुलक तालिमहरु संचालन गरिने छन । साथै वित्तिय संस्थाहरुको सहयोगमा युवास्वरोजगार जस्ता कार्यक्रमहरुको थालनी गरिने छ ।
- विदेशबाट फर्किएका युवाहरुको सीप, क्षमता तथा अनुभवलाई अधिकतम उपयोग गरी उनीहरुलाई व्यावसायिक रुपमा आत्मनिर्भर बनाउने नीति अवलम्वन गरिएको छ ।

**सभाध्यक्ष महोदय**

# २. सामाजिक विकास

## क. शिक्षा

- ***"अनिवार्य र निशुल्क आधारभूत शिक्षा, हामी सबैको ईच्छा"*** भन्ने नारालाई सफल बनाउनको लागि विद्यालयको पहुँच भन्दाबाहिर रहेका वालवालिको आधारभुत शिक्षा प्राप्तिको लागि विभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, बालमैत्री विद्यालय वातावरण, विभेदरहित विद्याालय, वालवालिकाका लागि विद्यालयको सहज पहुँच, जस्ता

कार्यक्रमहरुको साथै विद्यालयको पूर्वाधार विकास लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

- यस गाउँपालिका भित्रका उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयहरुलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादन तथा उपलब्धीमा आधारित अनुदानको व्यवस्था गरी शैक्षिक गुणस्तर सुधार गर्न प्रोत्साहन गरिनेछ ।
- भौतिक संरचना जिर्ण भएका विद्यालयहरुको भवन निर्माण, पुस्तकालय स्थापना र व्यवस्थापन, विज्ञान प्रयोगशाला अनुदान, स्वच्छ खानेपानी, स्वास्थ्य र सरसफाई सम्वन्धी शौचालय निर्माण तथा शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोगका लागि अनुदानको व्यवस्था गरी विद्यालयलाई स्रोत साधन सम्पन्न बनाईनेछ ।
- सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय "**ल्याऔं, टिकाऔं र सिकाऔं**" अभियान संचालन गरी विद्यालय नजाने तथा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गरी विद्यार्थी सिकाई उपलब्धी अभिवृद्धि गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा शैक्षिक गुणस्तर बृद्धि गर्न बिद्यार्थी संख्या, विषयगत आवश्यकताका आधारमा थप अनुदानको व्यवस्था गरिने छ । जसको लागि विद्यालय कोष खडा गरिने छ ।
- यस गाउँपालिकाका विद्यालयहरुको कक्षा ५ र ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरमा संचालन गरिनेछ । उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक र विद्यार्थीलाई उचित प्रोत्साहन तथा निष्पक्ष र पारदर्शी परीक्षा संचालन गर्ने पर्यवेक्षक र केन्द्राध्यक्षलाई उचित पुरस्कारको व्यवस्था गर्ने र कमजोर नजिता हासिल गर्ने विद्यालय र शिक्षक तथा परीक्षालाई अमर्यादित र अव्यवस्थित गर्ने पर्यवेक्षक, केन्द्राध्यक्ष तथा निरीक्षकलाई दण्डित गर्ने नीति अवलम्वन गरिनेछ ।

## सभाध्यक्ष महोदय,

## ख. स्वास्थ्य :

- प्रदेश सरकारले हरेक स्थानीय तहमा १५ शैयाको अस्पताल बनाउने नीति अनुरुप यस भगवतीमाई गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ । साथै ***"म स्वस्थ, मेरो परिवार स्वस्थ र मेरो समाज स्वस्थ"*** भन्ने मुल नाराका साथ यस गाउँपालिका क्षेत्रमा वसोवास गर्ने सम्पूर्ण नागरिकको स्वास्थ्य अधिकारको प्रत्याभुति हुनेगरि शतप्रतिशत खोप, उचित पोषण र पूर्ण सरसफाईको माध्यमबाट वालमृत्युदर र मातृमृत्युदरमा कमि ल्याउनको लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय र सहकार्य गरी आवश्यक कार्यक्रमहरु नियमित संचालन गरिनेछन ।
- साथै आकस्मिक विरामीहरुलाई उपचारको लागि तत्काल उपचारस्थलसम्म पु-याउन एम्बुलेन्स सेवा संचालन गरिने छ ।

- यस गाउँपालिका क्षेत्रभित्र मानव स्वास्थ्यलाई प्रतिकुल असर गर्ने मदिरा तथामदिराजन्य पदार्थहरुको सार्वजनिक क्षेत्रमा उपयोग निषेध गरिने छ भने उत्पादन, विक्रिवितरण र उपभोगलाई नियन्त्रणगरिनेछ ।
- एक वडा एक स्वास्थ्य संस्थाको अवधारणा अनुसार वडा नं ६ मा स्वास्थ्य ईकाई स्थापनागरिनुको साथै न्युनतम स्वास्थ्य सेवालाई निशुल्क गरिनेछ ।

## सभाध्यक्ष महोदय

## ग. खानेपानी तथा सरसफाई :

- **"स्वच्छ खानेपानी, स्वस्थ आनीवानी"** नारालाई सार्थकता दिन यस गाउँपालिकाका सम्पूर्ण जनताहरुको स्वच्छ खानेपानी र सरसफाईको सहज पहुँचको लागि ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP)लगायत अन्य विकास साझेदारहरुसँगको समन्वय एवं साझेदारीमा **"एक घर, एक धारा"** अवधारणलाई मुर्त रुप दिँदै खानेपानी योजनालाई दिगो एवं प्रभावकारी बनाउनुको साथै स्वास्थ्य सरसफाई तथा वातावरण संरक्षण सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन ।
- यस गाउँपालिकाको केन्द्र वेस्तडा बजार क्षेत्रमा आवश्यक बालबालिका, महिला तथा अपांगतामैत्री सार्वजनिक शौचालयको निर्माण गरिनेछ । साथै राष्ट्रि[illegible] सरसफाई वर्ष २०७५।०७६ लाई सहयोग पुग्ने सरसफाई सम्वन्धी गतिविधिहरु संचालन गरिनेछ ।

## सभाध्यक्ष महोदय,

## घ. संस्कृति प्रवर्द्धन :

- परम्परागत कला संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्नका लागि प्रत्येक वडामा साँस्कृतिक समूह गठन गरी विभिन्न किसिमका संस्कृतिको जगेर्ना गर्न आवश्यक पहल गरिने छ ।

## ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण :

- यस गाउँपालिकामा रहेका दलित, जनजाति, महिला, अपाङ्ग लगायत लक्षित वर्गको सामाजिक, भौतिक र आर्थिक उन्नतीको लागि विभिन्न सरकारी र गैर सरकारी क्षेत्रसंग समन्वय र सहकार्य गरि मानवीय विकासको मुलधारमा समाहित गर्नको लागि विभिन्न सशक्तिकरणका कार्यक्रमहरु संञ्चालन गरिनेछन । साथै गरिव विपन्न तथा दलित समुदायका साथै लोपोन्मुख अवस्थामा रहेका राउटे, वादी, गन्धर्व मध्यबाट कम्जोर सामाजिक तथा आर्थिक परिस्थिति भएका परिवारहरुको आवासको लागि जनता आवास कार्यक्रमसंग समन्वय गरी निर्माणका लागि आवश्यक पहल गरिने छ । यस भगवतीमाई गाउँपालिका भित्र विद्यमान सवैप्रकारका विभेदहरुको अन्त्य गरि ***"विभेदरहित***

***गाउँपालिकाको शान, सबै नागरिकको आत्मसम्मान"***नारालाई सफल बनाउन जातीय छुवाछुत, लैङ्गिक बिभेद, छाउपडी प्रथा, बोक्सी प्रथा, बालविवाह आदि कुरिति र अन्धविश्वास तथा महिला हिंसाको विरुद्धमा सचेतना अभिबृद्धि गरिने छ ।

- सहिद परिवार, द्वन्द्वपिडित, वेपत्ता परिवारहरुलाई गाउँपालिकाबाट प्रवाह गरिने सेवा, सुविधामा उच्च प्राथमिकता दिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता (पंञ्जिकरण) प्रकृयालाई प्रभावकारी वनाउनको लागि नेपाल सरकार केन्द्रिय पञ्जिरकण विभागले संञ्चालन गरेको MIS Systemबाट विवरणहरु अध्यावधिक गरिनुको साथै सामाजिक सुरक्षा रकम समयमा नै वितरण गर्ने व्यवस्था गरिने छ ।

## च. जनसंख्या व्यवस्थापन :

- गरिवीको मुख्य कारणको रुपमा रहेको जनसंख्या बृद्धिलाई कम गर्नको लागि परिवार नियोजन सेवा प्रभावकारी बनाउनुको साथै जनचेतनामूलक कार्यक्रमहरुको संचालन गरी सुचकमा आधारित आर्दश परिवार छनौट गरि पुरस्कृत र सम्मान गरिने छ ।

**सभाध्यक्ष महोदय,**

## छ. युवा तथा खेलकुद :

- युवाहरुलाई श्रृजनात्मक कार्यमा उत्प्रेरित गर्न खेलकुद प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु संचालन गरिने छ । गाउँपालिका स्तरीय खेलकुद प्रतियोगित आयोजना तथा संचालन गर्नका लागि खेलकुद मैदान निर्माण लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाभित्र रहेको अन्तर माध्यामिक विद्यालय स्तरीय राष्ट[illegible]ति रनिङ शिल्ड आयोजना गरी संचालन गर्न लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

## ३. पूर्वाधार विकास

## क. सडक :

- यस भगवतीमाई गाउँपालिकामा पूर्वाधार विकास गरि समृद्ध गाउँपालिका वनाउनका लागि सवै वार्डहरुमा सडक संञ्जाल विस्तार गर्नुका साथै गाउँपालिका देखी वडा कार्यालयहरु जोड्नेमुख्य सडकहरुको स्तरोन्नती गर्ने तर्फ विशेष प्राथामिकता दिईने छ साथै गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरुलाई विस्थापित गर्दै झोलुङ्गे पुल निर्माणको लागि पहल गरिने छ ।

## ख. विद्युत :

- विकासको महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको विद्युत सेवाको आपुर्तिलाई सहज बनाउनको लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय र सहकार्य गरी यस गाउँपालिकाको केन्द्र बेस्तडासम्म राष्ट्रिय प्रसारण लाईन जडान कार्य चालु आ.व.मा सम्पन्न हुनको साथै हाल वडा नं २ र ३ मा संञ्चालनमा रहेका लघु जलविद्युतहरुको क्षमता बृद्धि गरि विस्तार कार्य भईरहेको हुँदा आगामी आ.व.मा बाँकी सवै वार्डहरुमा क्रमश: विद्युत विस्तार गरी **"उज्यालो भगवतीमाई"** अभियानलाई सार्थक बनाईने छ ।
- यस भगवतीमाई गाउँपालिकाको केन्द्र वेस्तडाक्षेत्रमा सडक वत्तीको व्यवस्था गर्न आवश्यक रकम व्यवस्था गरेको छु ।

## ग. भवन तथा सहरी विकास :

- सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवन तथा आवास निर्माण गर्नका लागि भवनसँग सम्वन्धित भवनसंहिता, मापदण्ड र निर्देशिकाहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ । पुरानो तथा नयाँ भवनहरुको नक्सापास अनिवार्य गर्नुपर्ने व्यवस्था लागु गरी कार्यान्वयन गरिनेछ ।

## घ. सिंचाई :

- साना सिंचाई कार्यक्रमसँग समन्वय तथा सहकार्य गरी सिंचाई सुविधाको विस्तारगरी कृषि तथा पशु व्यावसायको उत्पादन र उत्पादकत्व बृद्धि गर्नको लागि पानीको स्रोतहरुलाई पहिचान गरी सिंचाई कुलो, सिंचाई पोखरी निर्माण गर्नुको साथै पानीको स्रोत नभएको स्थानमा बर्षाको पानी संकलन गर्ने संरक्षण पोखरीहरु बनाउन सहयोग तथा प्रोत्साहन गरिने छ ।

**सभाध्यक्ष महोदय**

## ङ. संचार तथा प्रविधि :

- यस भगवतीमाई गाउँपालिकामा नेपाल टेलिकमको सेवा विस्तार कार्य भईरहेको तथा विद्युत सेवा पनि विस्तारको क्रममा रहेको हुँदा आगामी आ.व.मा नेपाल टेलिकमसँग समन्वय गरी M-SANसेवा सुचारु आवश्यक पहल गरिनेछ ।
- सबै वडा कार्यालयहरुमा ईन्टरनेट सेवा सुचारु गरी सेवा प्रवाहमा सहजता ल्याईनेछ ।

## ४ वातावरण तथा विपद व्यवस्थापन

### क. वन, भू संरक्षण र जलाधार संरक्षण

- यस भगवतीमाई गाउँपालिकामा रहेका महत्वपूर्ण जैविक विविधताहरुबाट उत्पादित वस्तुहरुको उचित प्रशोधन तथा वजारीकरणको उचित व्यवस्था गरिने छ । साथै जलवायु परिवर्तनका कारणहरुले विश्वलाई नै चुनौती दिईरहेको वर्तमान अवस्थामा जलवायू परिवर्तनको असर र प्रभावलाई न्यूनीकरण तथा अनुकुलनको लागि जलवायु अनुकुलित विकास कार्यक्रमहरु संचालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्नका लागि विभिन्न साझेदार निकायहरुसंग सहकार्य गरिने छ । साथै यस गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समिति तथा कवुलियत वन समितिहरुले आफ्नो वनक्षेत्रभित्र छाडा पशु चौपाया चरिचरन नियन्त्रण गरि निश्चित क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरि कार्यन्वयन गर्ने समितिहरुलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग तथा पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- भुक्ष्य तथा बाढी पहिरो नियन्त्रणको लागि प्रदेश सरकारसँगको सहयोग र समन्वयमा तटवन्ध निर्माण र वृक्षारोपणको कार्यलाई प्रभावकारी बनाईनेछ ।

### ख. जलवायु परिवर्तन र वातावरण संरक्षण

- आशा परियोजनासँग समन्वय गरी भरण पोखरी निर्माण, नर्सरी स्थापना, वृक्षारोपण कार्य गर्नुको साथै जलवायु परिवर्तन र वातावरण संरक्षण सम्वन्धी सचेतनामुलक कार्यक्रम तथा गोष्ठीहरुको आयोजना गरी पर्यावरण सन्तुलनको लागि आवश्यक पहल गरिनेछ ।

### ग. फोहोरमैला व्यवस्थापन

- वजार क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि फोहोर मलाई नामक कन्टेनर व्यवस्था गरी ल्याण्डफिल्ड साईडको निर्माणका लागि साझेदार संस्थासँग समन्वय गरी स्वच्छ र सभ्य समाजको निर्माणमा जोड दिईनेछ ।

**सभाध्यक्ष महोदय,**

### घ. विपद व्यवस्थापन

- दैवी तथा प्राकृतिक प्रकोपहरुबाट हुने मानवीय क्षति न्युनिकरण गर्न, राहत तथा पुनस्थापना गर्नको लागि विपद् व्यवस्थापन कोष खडा गरिने छ ।

- जोखिम न्युनिकरणका लागि संघ संस्थाहरुसँग समन्वय गरी वडा विपद जोखिम व्यवस्थापन समिति, आम नागरिक तथा शिक्षक, विद्यार्थीलाई सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह :

### क. जनशक्ति, कार्यालय संगठन तथा व्यवस्थापन/संस्थागत विकास, सेवा प्रवाह र सुशासन :

- यस गाउँपालिका अन्तर्गत विभिन्न क्षेत्रमा कार्यरत कर्मचारीहरुको उच्च मनोवलका साथ तोकिएको जिम्मेवारी पुरागर्नुको साथै सेवाग्राहीलाई सुशासनको प्रत्याभुती हुनेगरी सेवाप्रवाहलाई गुणस्तरीय वनाउने वातावरण श्रृजना गरि कार्यसम्पादन मुल्याङ्कनको आधारमा उचित पुरस्कार र सम्मानको व्यवस्था गरिने छ ।
- यस गाउँपालिका क्षेत्रका सवै कार्यालयहरु तथा जिम्मेवार समितिहरु वाट प्रवाह गरिने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभुती, नियमितता, मितव्यीतता, पारदर्शिता, जवाफदेहिता, जस्ता कार्यहरु मार्फत सुशासन अभिबृद्धि गर्दै यस गाउँपालिकालाई भ्रष्टाचारमुक्त गाउँपालिका बनाईने छ ।
- जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा आम नागरिकको क्षमता अभिवृद्धि सम्वन्धी तालिम एवं गोष्ठी संचालनको लागि विभिन्न संघसंस्थासँग समन्वय र साझेदारी गरी संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

### ख. जनलेख परीक्षण र सार्वजनिक सुनुवाई :

- प्रभावकारी र अर्थपूर्ण जनलेखा परिक्षण र सार्वजनिक सुनुवाईको माध्यमबाट पारदर्शिता र बित्तिय सुशासन कायम गरिने छ ।

### ग. राजश्व परिचालन :

- राजश्व तथा गैरकर राजश्वका दरहरुलाई फराकिलो पार्दै सबै करदाताहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीमा बृद्धि गरी यस भगवतीमाई गाउँपालिकालाई स्वावलम्वन तर्फ उन्मुख गराईने छ । साथै नियमित कर भुक्तानी प्रकृया उत्कृष्ट करदाता छनौट गरि पुरस्कृत तथा सम्मान गरिने कार्यलाई निरन्तरता दिईने छ ।

- यस गाउँपालिकामा एकीकृत सम्पत्ती कर लागु गर्न आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

**१७. मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु :**

क)सहकारी, सामुदायिक संस्था तथा कृषक समुहहरु मार्फत व्यवसायिक कृषि तथा पशुपालन ।

ख) विकासका प्रमुख पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई सवै वडामा विस्तार स्तरोन्नती गर्ने ।

ग) यस गाउँपालिकाको केन्द्र बेस्तडाबाट क्रमशः सवै वडाहरुमा विद्युतीकरण गर्नको लागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरि विद्युत लाईन विस्तार कार्यप्रारम्भ गर्ने ।

घ) स्वच्छ खानेपानी आधारभुत स्वास्थ्य सेवा सुविधा र सरसफाईसंग सम्बन्धित कार्यक्रमहरु सम्बन्धित निकायहरुसग समन्वय गरि संचालन गर्ने ।

ङ) विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गर्ने ।

च) सवै प्रकारका विभेद र हिंसा मुक्त गाउँपालिका वनाउनको लागि सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय गरि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

छ)यस गाउँपालिकाका सबै क्षेत्रमाM-SANटेलिफोन तथाईन्टरनेट सहितको प्रभावकारी संञ्चार सुविधाको लागि नेपाल टेकिकमसंग समन्वय गरि तत्काल कार्य थालनी गर्ने ।

ज)गुणस्तरीय शिक्षाको लागि पेशागत दक्षता अभिबृद्धि तालिम, गोष्ठी, सिकाई यात्रा, पढाई मेला जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने ।

झ)महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग र आर्थिक रुपले पिछडिएका वर्गको सामाजिक र आर्थिक उन्नतीको लागि विभिन्न साझेदार संस्थाहरुसंग समन्वय गरि आयआर्जनमुलक, सिपमुलक तथा चेतनामुलक कार्यक्रम संञ्चालन गर्ने ।

## १८. अनुमानित व्यय र स्रोत व्यवस्थापन :

सभाध्यक्ष महोदय, अब म यस भगवतीमाई स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७५।०७६ को अनुमानित व्यय तथा स्रोत व्यवस्थापन यस सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहान्छु । आगामी आ.व. मा यस भगवतीमाई गाउँपालिकाको संचित कोषमा संघीय सरकारबाट वित्तीय समानीकरण रु. ७ करोड ३४ लाख, सशर्त अनुदान रु. ११ करोड ८७ लाख र राजश्व बाँडफाँडबाट रु. ५ करोड ९९ लाख २७ हजार गरी जम्मा २५ करोड २० लाख २७ हजार प्राप्त हुनेछ । यसै गरी कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण रु. ४९ लाख ४८ हजार तथा राजश्व बाँडफाँडबाट रु. ४ लाख ३ हजार गरी जम्मा रु. ५३ लाख ५१ हजार प्राप्त हुनेछ । यसै गरी भगवतीमाई गाउँपालिकाको आगामी आर्थिक वर्षमा रु. १५ लाख आन्तरिक आम्दानी हुने प्रक्षेपण गरेको छु भने चालु आ.व.मा सम्पूर्ण खर्च भुक्तानी गरी संचित कोषमा रु. ५ करोड ५७ लाख ५७ हजार मौज्दात रहने अनुमान गरेको छु । यस प्रकार यस भगवतीमाई गाउँपालिकाको स्थानीय सरकारको संचित कोषमा आगामी आ.व. २०७५।०७६ मा रु.३१ करोड ४६ लाख ८४ हजार जम्मा हुने अनुमान गरेको छु ।

# आयव्ययको अनुमान

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं | आयको श्रोत | रकम रु. | प्रतिशत | क.सं. | विषयगत क्षेत्र | रकम रु. | प्रतिशत |
| **१** | **गत आ.व.को मौज्दात रकम** | **५५७५७०००** | **१७.७२** | **क** | **पुंजीगत खर्च** | **१३४४९७१३** | **३८.५९** |
| **२** | **संघीय सरकार** | **२५२०७६०००** | **८०.१०** | १ | आर्थिक विकास क्षेत्र | १५९०४३३४ | ५.०५ |
| २.१ | वित्तिय समानिकरण | ७३४००००० | **२३.३२** | २ | सामाजिक विकास क्षेत्र | ५०२८९३५ | १.६ |
| २.२ | सशर्त अनुदान | ११८७००००० | **३७.७२** | ३ | पूवार्धार विकास क्षेत्र | ८९८६६४४ | २८.५६ |
| २.३ | राजश्व बाँडफाँड | ५९९७६००० | **१९.०६** | ४ | वातावरण तथा विपद् व्यवस्थापन | १२५०००० | ०.४ |
| **३** | **प्रदेश सरकार** | **५३५१०००** | १.७० | ५ | संस्थागत विकास, सेवा प्रवाह र सु-शासन | ९४००००० | २.९९ |
| ३.१ | वित्तिय समानिकरण | ४९४८००० | **१.५७** | **ख** | **समपुरककोष** | **९९०००००** | **३.१५** |
| | | | | **ग** | **विपद व्यवस्थापन कोष** | **१३०००००** | **०.४१** |
| ३.२ | राजश्व बाँडफाँड | ४०३००० | **०.१३** | **घ** | **मर्मत सम्भार कोष** | **१६०००००** | **०.५१** |
| | | | | **ङ** | **चालु खर्च** | **६१७३४२८७** | **१९.६२** |
| ४ | **आन्तरिक आय प्रक्षेपण** | **१५०००००** | ०.४८ | **च** | **सशर्त अनुदान** | **११८७०००००** | **३७.७२** |
| | **कुल जम्मा** | **३१४६८४०००** | **१००.००** | | **कुल जम्मा** | **३१४६८४०००** | **१००.००** |

अन्तमा

यस भगवतीमाई गाउँपालिकाको तेश्रो गाउँ सभाध्यक्ष महोदय, लगायत गाउँ सभाका सम्पुर्ण सदस्यहरुप्रति आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम स्विकृति पश्चात सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यबाद ।

चन्द्रा रेग्मी

मिति : २०७५ आषाढ १० गतेउपाध्यक्ष

भगवतीमाई गाउँपालिका, दैलेख

कर्णाली प्रदेश, नेपाल

आज मिति २०७५ साल आषाढ १० गते यस भगवतीमाई गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर थापा ज्यूको अध्यक्षता तथा तपसिलको उपस्थिति तेस्रो गाउँसभाको बैठक बसि देहायका निर्णयहरु पारित गरियो ।

**<u>तपसिल :</u>**

श्री दान बहादुर थापा, अध्यक्ष, भगवतीमाई गाउँपालिका

श्री चन्द्रा रेग्मी, उपाध्यक्ष, भगवतीमाई गाउँपालिका

श्री भिम बहादुर बुढा, सदस्य सचिव,भगवतीमाई गाउँपालिका

श्री मान बहादुर बुढा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. १

श्री कर्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. २

श्री दान बहादुर खड्का, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ३

श्री कृष्ण बहादुर थापा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ४

श्री कृष्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ५

श्री बीरशंकर रोकाया, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ६

श्री रत्न बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा न ७

श्री सेतु खड्का, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. ३

श्री पबित्रा नेपाली, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. २

श्री कल्पना मगर, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. ५

श्री मान बहादुर दमाई, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं.६

श्री डम्बर ब.कामी, कार्यपालिका सदस्य, भगवतीमाई गा.पा.वडा नं. ७

श्री पुष्पा अधिकारी, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. १

श्री शुसिला बि.क., वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. १

श्री बाल बहादुर थापा, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. १

श्री क्षेत्र बहादुर थापा, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. १

श्री दिल बहादुर बि.क., वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. २

श्री सितला जैसी, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. २

श्री राम बहादुर रावत, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. २

श्री सिता बि.क., वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ३

श्री चाउरो कामी, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ३

श्री जय बहादुर खड्का, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ३

श्री रत्ना कामी, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ४

श्री गणेश प्रसाद अधिकारी, वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ४

श्री पृथ्वी बहादुर सिहं ठकुरी,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ४

श्री ईन्द्र कामी,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ५

श्री नन्द बहादुर खड्का,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ५

श्री गणेश प्रसाद शर्मा,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ५

श्री कमला खत्री,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ६

श्री कौशिला बि.क.,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ६

श्री नगेन्द्र बहादुर रोकाया,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ६

श्री विर बहादुर सिंह,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ६

श्री सिता कुमारी थापा,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ७

श्री लालसरा नेपाली.,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ७

श्री गणेश बहादुर थापा,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ७

श्री राम बहादुर खड्का,वडा सदस्य, भगवतीमाई गा.पा.वडा नं. ७